
**Gold Open Access**
Full contents are available in NepJOL(http://www.nepjol.info/index.php/DSAJ)
DOAJ (https://doaj.org/toc/1994-2672)

**Dhaulagiri Journal of Sociology and Anthropology**




# मानसपटलमा स्थिर बनेका ग्रेगरीसँगका केही पहेलीहरू

*राजेश्वर कार्की*

**Article Info**
Received: March 25, 2023
Revised: May 21, 2023
Accepted: May 23, 2023
Available Online: June 13, 2023
**DOI**: https://doi.org/10.3126/dsaj.v17i02.55727

एउटा नाटकमा अचानक पर्दा खसेको छ। अब त्यो नाटकका ती नायक रङ्गमञ्चमा कुनै पनि नाटकको कुनै पनि पात्रगत भूमिकामा देखिने छैनन्। कहिल्यै दोहोर्‍याएर भेट्न नमिल्ने गरी एउटा नायक पात्र जीवनरूपी नाटकबाट सदाका लागि अल्पिएका छन्। रङ्गमञ्च नै उठेपछि दर्शकदीर्घा खाली हुने नै भयो। तर आफ्नो नाटकसम्बद्ध भूमिका सकिएपछि पनि दर्शकदीर्घामा ओर्लेर सधैँ आफ्नो भूमिकालाई लिएर मसँग केकस्तो भयो भनी प्रश्न गर्ने मान्छे आज साथ नहुँदा यत्तिखेर खाली दर्शकदीर्घामा म एक्लो महसुस गरिरहेछु। बाहिर बादल उडिरहेकै छ, पानी बगिरहेकै छ, पृथ्वी घुमिरहकै छ, फूल फुलिरहेकै छ ...तर म भने मेरा मानसपटलमा स्थिर बनेका तिनै नायक पात्र ग्रेगोरी जी. मस्कारिनेकसँगका केही पहेलीहरूसँगै केही क्षण स्थगित हुन चाहन्छु !

ग्रेगोरी जी. मस्कारिनेकसँगको मेरो पहिलो भेट २०३५ सालमा भएको हो। मेरो जन्मथलो जाजरकोट, खलङ्गामा अवस्थित त्रिभुवन माध्यमिक विद्यालयमा पिसकोर स्वयम्सेवकका रूपमा आउनुभएका ग्रेगोरीसँगको हाम्रो सम्बन्ध म पनि त्यसै विद्यालयका शिक्षक भएका कारण असल मित्रका रूपमा बिस्तार भएको थियो। यद्यपि ग्रेगरी सरले मलाई अज्ञानताको अन्धकारबाट ज्ञानको उज्यालोतर्फ डोर्‍याउनुभएको कतिपय सन्दर्भका कारण म उहाँलाई सधैँ गुरुको उच्च आसनमा राख्ने गर्छु।

एक दिन भ्रमण गर्ने सन्दर्भलाई लिएर कुराकानी भइरहँदा मैले पैसा भएका कारण तपाईं या तपाईं जस्ता विदेशीहरू भ्रमण गर्छन्, म या मजस्ता नेपालीहरू पैसा नभएका कारण भ्रमण गर्न सक्दैनन् भनेर जिकीर गर्दा ग्रेग सरले तुरुन्त त्यस भनाइ प्रति असहमति जनाउँदै पैसा नभएका कारण घुम्न जान नसकेको भन्दा पनि घुम्ने संस्कार नभएका कारण घुम्न जाने नगरेको यथार्थ सत्य हो भन्ने पक्षमा निकै चर्कै वकालत गर्नुभएको थियो। बरु, घुम्दा आफूसँग भएको पैसाअनुसार गन्तव्य निर्धारण गर्नुपर्ने तर्क अघि सार्दै पैसा नै नलाग्ने ठाउँहरूमा पनि तपाईंहरू घुम्न जानुभएको छैन भनी सम्झाउँदा हामीलाई केही लज्जाबोध पनि भएको थियो। मानौँ, हाम्रा सबै प्रश्नका रेडिमेड उत्तरहरू ग्रेगसँग उहिल्यैबाट थिए।

एक शनिवार जाजरकोटबाट अढाइ घण्टामा पुगिने धेरै सुनेको तर जान नसकेको साङ्टाको गुफा हेर्न भनी त्यसै विद्यालयका केही छात्रहरूसहित अर्का शिक्षक अमर शाह र मसमेत उहाँको साथ लागेर निस्कियौँ र गन्तव्यमा पुग्यौँ। हजारौँ चमेराहरू बस्ने गरेको, भित्र कताबाट पानी आइरहेको, अँध्यारो कोठाहरू जस्तै तीन खण्डसहितको त्यो गुफा हेर्‍यौँ। त्यतिबेला ग्रेगले टर्चलाइट नबोकेका भए त्यो गुफा भ्रमण सायद व्यर्थ हुन्थ्यो होला, तर सरकै तारतम्यले त्यहाँबाट एउटा विशिष्ट अनुभव लिएर हामी घर फर्कियौँ। घर आइपुग्दासम्म एक पैसा पनि खर्च भएन।

त्यस्तै २०३६ सालको कुरा हो, शनिवारसमेत चैते दसैँ र रामनवमी तीन दिनको छुट्टीमा ग्रेग सरले आफू सिस्ने हिमालको फेदीसम्म पुगेर आउने भएकाले हामीलाई पनि सँगै हिँड्न र बाटोमै पर्ने बाँफीको स्यार्पू ताल र रुकुमकोटको कमल दह हेरेर फर्कनु होला भन्नुभयो। त्यसैअनुरूप ग्रेग सर, तारा विक्रम शाह

This work is licensed under the https://creativecommons.org/licenses/by-nc-sa/4.0/© Rajeshwor Karki
Email: momila.joshi@gmail.com

र मसमेत हामी तिन जना त्यता लाग्यौँ । स्यार्पू ताल हेरिसकेपछि हामी रुकुमकोटतिर लाग्यौँ र ग्रेग सर सिस्नेतिर लाग्नुभयो । रुकुमकोटको कमल दह हेरेर हामी जाजरकोट फर्किंदासम्म दुई जनाको जम्मा १० रुपैयाँ मात्र खर्च भएको थियो । यसरी ग्रेग सरले भन्नुभए झैँ पैसाभन्दा घुम्ने संस्कारले नै भ्रमणमा अर्थ राख्दोरहेछ भन्ने कुरा हाम्रो घुमाइको मूल्यले त झनै प्रमाणित गरिदिएको थियो ।

ग्रेग सर स्कुल दुई चार दिन विदा भए कि त यात्राको सुरसार मिलाइहाल्नुहुन्थ्यो । सर रारा गइसकेकाले आफू चाहिँ जुम्लाको चोत्री गुम्बा हेरेर त्यतैबाट डोल्पाको से-फोक्सुन्डो ताल हेर्न जाने गरी हामीलाई गर्मीको दुई महिना विदामा रारा दह घुम्न जाने भनी सरले कुरो गर्नुभयो र उहाँकै खाकाअनुसार ग्रेग सर २०३६ सालको जेठ महिनातिर अघिल्लो दिन नै लहँतिर लाग्नुभयो । लहँको फुल्चाउँली भन्ने लेकमा भोटेको गडी भन्ने ओढार छ; जहाँ रातमा भूत आउँछन् भन्ने जनविश्वास भएकाले भूतको फोटो खिच्न भनी उहाँ त्यही ओढारमा एक रात बस्ने गरी हिँड्नुभएको थियो । त्यहाँ उहाँले भूतको फोटो त खिच्न सक्नुभएनछ, तर पछि जाजरकोटमै भूत देखेको कुरा गर्नुहुन्थ्यो । अनि भूत जतातत्तै किन देखिँदैन त भनी सोध्दा मान्छेका जस्तै भूतका पनि आफ्नै परिस्थितिजन्य समस्या छन् त्यसैले देखिँदैन भन्नुहुन्थ्यो । जे होस् हामी अमर शाह र म भने भोलिपल्ट जाजरकोबाट सिधै लिम्सातिर लाग्यौँ र त्यहीँ ग्रेग सरसँग हाम्रो भेट भयो । त्यहाँबाट डिल्लीकोट, जुम्लाका एक जना अर्का विद्यार्थी साथी जगत् महतारा पनि बाटैबाट हामीसँगै सामेल भएपछि भरियासहित म, ग्रेग सर र अमर शाह गरेर जम्मा हामी पाँच जना लिम्साबाट जुम्लातिर लाग्यौँ । एक रात डिल्लीकोटमै वास बसेर भोलिपल्ट बिहान खाना खाइवरी बाटो ततायौँ । करिब एक घण्टाको हिँडाइपछि ग्रेग सर उत्तरपूर्वतर्फ चोत्रीको गुम्बा हुँदै डोल्पाका लागि प्रस्थान गर्नुभयो, जगत् आफ्नै घर डिल्लीकोटमै बस्यो र हामी भने जुम्लातर्फ लाग्यौँ । जुम्लाबाट पनि मुगुको राराभ्रमण सकेर जाजरकोट फर्कंदासम्म हाम्रो जम्मा १५० रुपैयाँ जति मात्र खर्च भएको थियो । यसपटकको यात्राको खर्च सोध्दा भने साच्चै नै लज्जाबोध गरेर हामीले आत्मसमर्पण नै गर्‍यौँ । अब त घुम्ने लत वा संस्कारले हामीभित्र पनि जरा गाडिसकेको थियो ।

भ्रमणमा निस्कँदा ग्रेग सरको तयारी निकै लोभलाग्दो हुन्थ्यो र मैले पनि ग्रेग सरबाट यात्राको तयारी गर्दा कुनै कन्जुस्याइ नगरीकन निकै राम्रोसँग गर्नुपर्ने अति नै व्यावहारिक ज्ञान पनि सिकेँ । यदि ग्रेग सरको टर्च नभइदिएको भए साङ्टाको गुफा हेर्न गएको भ्रमण साच्चै नै निरर्थक हुन्थ्यो । त्यसबेला शैक्षिक भ्रमणमा गएका मध्ये ग्रेग सरबाहेक हामी कसैसँग पनि टर्चलाइट थिएन । त्यसबेला एउटा शिक्षकका नाताले विद्यार्थीका अगाडि निकै अप्ठ्यारो महसुस भएको थियो ।

पिसकोर स्वयंसेवकका रूपमा जाजरकोट खलङ्गापछि ग्रेग सर पैंक जानुभयो । सायद, नेपाल बसाइकै क्रममा उहाँको नेपाली प्रकृति, भाषा र संस्कृतिप्रति अगाध प्रेम बसेको हुनुपर्छ। फलस्वरूप उहाँले विभिन्न छात्रवृत्तिमा झाँक्रीको विषयमा विद्यावारिधि सुरु गर्नुभयो; जतिखेर उहाँ हाम्रोमै बस्नुहुन्थ्यो र विद्यावारिधिका सन्दर्भमा जाजरकोटका आस्थाका धरोहर शिक्षाप्रेमी अगुवा समाजसेवी मेरा बुवा योगेश्वर कार्कीसँग ग्रेग सरले भाषाअनुवादकका रूपमा सहयोग लिनुभएको थियो । बुवाले जाजरकोटमा भएका झाँक्रीहरूलाई चिनाइदिने र उनीहरूसँगको कुराकानी ग्रेग सरलाई बुझाइदिने दोभाषेको काममा बुवाको ठूलो योगदान रहेको कुरा उहाँले आफ्नो शोधपत्रमा पनि उल्लेख गर्नुभएको छ ।

ग्रेग सरको नेपाली संस्कृतिप्रति यति मोह थियो कि उहाँ मिलेसम्म कुनै पनि स्थानीय मेलापर्व हेर्न चुक्नुहुन्नथ्यो । एकपटक उहाँले मलाई लहँमा तोयो खाने मेला हेर्न लग्नुभएको थियो । यो मेलामा लहँको औल भन्ने ठाउँमा मङ्सिर पूर्णिमाका दिन भाँक्रीले सल्लीको रूखमा चढेर जिउँदो सुँगुरको पाठोलाई फलामको सुइरोले घाँटीमा प्वाल पारेर रगत खाने काम गर्छन् । यसरी रगत खाने कामलाई तोयो खाने भन्ने चलन छ । एकपटक ग्रेग सर र म गएर रिम्नाको पल्लोपट्टिको बगरमा झुप्राहरू बनाएर बसेका राउटे (जङ्गलमै बस्ने नेपालकै आदिवासी)हरूको बोली भाषा टेपरेकर्डरमा रेकर्ड गरेर ल्याउने काम पनि गरेका थियौँ ।

यति मात्र होइन, उहाँ पैंक बस्दा ८-९ कक्षामा मसँगै पढेको अमरबहादुर रोकाया शिक्षक हुनुहुन्थ्यो । उहाँ स्थानीय उखानटुक्काहरू धेरै नै जान्ने र गीतहरू पनि गाउन जान्ने हुनुहुन्थ्यो । ग्रेग सरले तिनै रोकायामार्फत् गीत र उखानटुक्का सङ्कलन गर्नुभएको थियो । पछि फुलब्राइट स्कलरसिप पाएर छ महिना नेपाल बस्दा पुस्तक निकाल्न सकिने अवस्थाका तिनै रोकायामार्फत् सङ्कलन गरिएका उखान र गीतको पुस्तक प्रकाशन गर्न निकै उत्सुक हुनुहुन्थ्यो । यसमा रोकायाजीको सहयोगले निकै ठूलो भूमिका खेल्ने भएकाले रोकायाजी र साथीका रूपमा उहाँको छोराका लागि आउनेजाने र काठमाडौँमा खानेबस्ने व्यवस्थासमेत मिलाउने कुरा भए पनि रोकायाजीबाट त्यति तदारुकता नदेखाइएपछि प्रकाशनको योजना अँध्यारोमै तुहियो । यसबाट ग्रेग सर र हामी पनि निकै दुखी भयौँ ।

ग्रेग सर साच्चै नै जिन्दगीलाई प्रयोग र उत्सवका रूपमा लिनुहुन्थ्यो । एकपटक उहाँ रुकुमको तकसेरा हुँदै ढोरपाटन भएर बाग्लुङ निस्केपछि त्यहाँबाट काठमाडौँ आउनुभएको थियो र मेरो भेट काठमाडौँमा भयो; जुनबेला उहाँको आवाज आउँदैनथ्यो र सोध्दा कसैले भनेको कुरा सम्झँदै उहाँले लेखेर भन्नुभयो–

एकजना झाँक्रीले मलाई "हाम्रो मन्त्र सबै टिपेर तपाईंले लिनुभयो । अब तपाईं र हामीमा केही फरक छैन । जुन मन्त्र हामीसँग मनभित्र छ, त्यही मन्त्र तपाईंको कापीमा छ त्यसैले यी सबै मन्त्र सिकेपछि एकपटक तपाईंको आवाज बन्द हुन्छ ।" भनेको थियो । सायद त्यसैको असर हुनुपर्छ या यो संयोग मात्र पनि हुन सक्छ । त्यही अवस्थामा उहाँलाई केही सुन्तोला दिई एयरपोर्टमा बिदा गरेको थिएँ । पछि फेरि काठमाडौँ आउनुभएको बेला बन्द आवाज कसरी फर्कियो त भनी सोध्दा हवाइजहाजमा तपाईंले दिएको सुन्तोला खाएपछि बिस्तारै आवाज खुल्दै आयो र घर पुग्दासम्म मेरो आवाज पूरै आयो भनेर भन्नुभयो । उहाँले यी र यस्तै मसिना संवेदनहरू भन्नुहुँदा पनि साच्चै जिन्दगी बाँचेको प्रमाण खुलेजस्तो लाग्थ्यो ।

अमेरिकी नागरिक भएर पनि उहाँको नेपालप्रतिको सद्भाव, नेपाली भाषासंस्कृतिप्रतिको प्रेम र नेपालप्रति उहाँको कर्मको समर्पणले हामीलाई मात्र नभएर जोकोही नेपालीलाई विशेष प्रभाव पार्थ्यो नै । सिङ्गो देशलाई धड्कनमा राखेर कर्म गरिरहेको संस्था नेपाली कलासाहित्य डट कम प्रतिष्ठानले यस्तै नेपाललाई दिलैबाट प्रेम र सहयोग गर्ने विशिष्ट विदेशी नागरिकहरूलाई विशेष समारोहका बिच 'नेपाल सम्मान' प्रदान गर्दै आएकोमा ग्रेगरी सर यस सम्मानका लागि अत्यन्त उपयुक्त ठानी उहाँलाई विशेष समारोहका बिच 'नेपाल सम्मान २०७२' समर्पण गरिएको थियो । यसरी सम्मान समर्पण गर्न पाएकोमा उहाँलाई सम्झेर आज पनि प्रतिष्ठानसँग आबद्ध हामी सबै गर्वबोध गरिरहेका छौँ ।

यसरी ग्रेगरी सरको व्यक्तित्व कहिले मानव जीवनमा आदर र सम्मानको वास्तविक अर्थ बुझेर त्यसलाई व्यवहारमा चरितार्थ पार्न सक्ने एक पूर्ण मान्छेको जस्तो लाग्थ्यो । एक पटक उहाँ काठमाडौ आउनुहुँदा मैले मेरा बुवाका नाममा योगेश्वर कलासाहित्य पुरस्कार स्थापना गरी साहित्य, कला, सङ्गीत, समाजसेवा लगायतका विषयमा रु. २५,०००।– राशिको पुरस्कार नेपाली कलासाहित्य डट कम प्रतिष्ठानमार्फत् प्रदान गर्ने गरिएको कुरा सुनाउँदा उहाँलाई पनि आफ्नो नाममा ग्रेगरी संस्कृति पुरस्कार स्थापना गर्ने विचार व्यक्त गर्नुभयो र मैले सम्मान गर्ने व्यक्तित्व योगेश्वरजीको नाममा रहेको पुरस्कार २५,०००।–रहेकाले आफूले राख्ने राशि उहाँको भन्दा कम हुनुपर्छ । त्यसैले मेरो पुरस्कार रु. २०,०००।–को हुने भन्नुभयो र सोहीअनुसारको पुरस्कार नेपाली कलासाहित्य डट कम प्रतिष्ठानमार्फत् समर्पण गर्ने कार्य विगत सात वर्षदेखि भइरहेको छ । यसको सुरुआत २०७३ सालको कलासाहित्य यात्राअन्तर्गत जाजरकोटमै सम्पन्न सिर्जना उत्सवमा उहाँकै उपस्थितिमा ग्रेगरी लोकसङ्गीत पुरस्कार समर्पण गरेर भएको थियो ।

हाम्रो २०७६ सालको कलासाहित्य यात्रा जुम्ला र रारामा गर्ने तय भएपछि ईमेलमार्फत् जानकारी गराउँदा उहाँले सो कार्यक्रममा पनि जाने इच्छा जाहेर गर्नुभयो । उहाँ प्रायः तिहारको टिका लाउन नेपाल आउनुहुने भएकाले उहाँकै अनुकूल समय पारेर कार्तिक १ गते हामीसँगै उहाँ पनि जुम्ला जानुभयो । हाम्रो टोलीको स्वागतार्थ जुम्ला एयरपोर्टमा फूलमाला र पञ्चैबाजाको ध्वनि गुन्जायमान गरिएको थियो । तिनै बाजाका साथ विभिन्न व्यानरहरूले सजिएको नगर परिक्रमा गर्ने क्रममा पञ्चैबाजाको टोली नाच्न थाले र सँगै ग्रेग सर पनि निकै रमाएर नाच्नुभयो । मैले त्योभन्दा अघि त्यस्तरी नाच्नुभएको कहिल्यै देखेको थिइनँ । जुम्लामा पनि सिर्जना उत्सव निकै भव्यताका साथ सम्पन्न भएको थियो । सोही कार्यक्रममा उहाँकै उपस्थितिमा पुनः दोस्रो पटक आफ्नो नामको पुरस्कार समर्पण गर्न पाएकोमा उहाँ निकै खुसी हुनुहुन्थ्यो । हामी जुम्लाको कार्यक्रम र घुमघामपछि रारा पुग्यौँ । पुराना स्मृतिहरू ताजा गर्दै उहाँ खुब रमाउनुभयो । जुम्लाराराको कार्यक्रम सकेर काठमाडौँ फर्केपछि उहाँ चीनको कार्यक्रमका लागि प्रस्थान गर्नुभयो र त्यतैबाट आफ्नो घर हवाइ फर्कनुभयो । घर पुगेको केही दिनपछि आफू बिरामी परेको खबर मेल गर्नुभयो । उहाँलाई क्यान्सर भएको खबरले हामी स्तब्ध भयौँ । आखिर बिरामी निको नभएर नै उहाँ यस संसारबाट विदा हुनुभयो । मृत्युहुनुभन्दा केही दिनअघिसम्म पनि मृत्युका विरुद्ध जिन्दगीलाई उत्सवसरह मनाइरहनुभएको खबर मेल गरिरहनुहुन्थ्यो । यस्तो लाग्छ, उहाँलाई जीवनको धुन अत्यन्त प्रिय लाग्थ्यो र अझ नेपाली जीवनको धुनले त उहाँलाई मोहनी नै लगाए जस्तो लाग्थ्यो । यदि अर्को जन्म छ भने सायद नेपाली भएरै जन्मिन्छु होला भन्नुहुन्थ्यो ।

आज, यथार्थमा हामीले साथी मात्र होइन, देशले नै एक असल मित्र गुमायो भन्ने लाग्छ । र पनि ग्रेगरीसँगका ती अविस्मरणीय पहेलीहरू वास बस्ने यो मनको एउटा खाली ठाउँ सदा उहाँकै नाममा समर्पित छ ।

**Rajeshwor Karki** (1956) is an author of a volume of poetry *Mero kavitako antim pristha* (2005) with its English translation *The Last Page of My Poems* (2010). He is the Vice Chairperson of Nepal Kala Sahitya Dot Com Pratishthan [Nepali Art & Literature Dot Com Foundation]. He contributed as an Editing Advisor for *Sagarmathako nrityamagna aatma* (Dancing Soul of Mount Everest) and web Literary magazine www.nepalikalasahitya.com . He also edited a number of literary magazines including *Kushe*, (editor 2043-2045 vs), *Sirjana* (editor 2039-2041 vs), and *Kandara* (editor 2038 vs). He is also a life member of Literary Journalist Association. He currently works as the executive chairperson of Center for Research & Development Nepal Pvt. Ltd.

प्रस्तुत फोटाहरू लेखक र ग्रेग सरसँग पछिल्लो समयमा भएका कार्यक्रमहरूका सम्झनाका पहेलीहरू हुन् । ग्रेगरी मास्कारिनेकले २०७२ सालमा नेपाल सम्मान प्राप्त गर्नुभएको थियो । उहाँ २०७३ सालमा कलासाहित्य यात्रामा सहभागी भै जाजरकोट, जुम्ला र मुगुको रारा तालसम्मको यात्रा गर्नुभएको थियो । अन्त्यका चारवटा फोटाहरू उहाँको देहवासन भएपछि योगेश्वर कार्की स्मृति प्रतिष्ठानले आयोजना गरेको श्रद्धान्जली समारोहका केही झलकहरू हुन् । यस कार्यक्रम सम्बन्धी विस्तृत जानकारी यूटुव च्यानल (https://www.youtube.com/watch?v=WopUe8nWQoM)मा पनि हेर्न सकिन्छ ।



कलासाहित्य-यात्रा, जाजरकोट-२०७३ (लेखक र ग्रेगरी)




कलासाहित्य-यात्रा, कोहलपुर, २०७३ (सिर्जना-उत्सवमा)



कलासाहित्य-यात्रा, जाजरकोट, २०७३ (सिर्जना-उत्सवमा)



कलासाहित्य-यात्रा, जाजरकोट, २०७३ (सिर्जना-उत्सवमा बोल्दै)



कलासाहित्य-यात्रा, जाजरकोट, २०७३ (सिर्जना-उत्सवमा पुरस्कृत व्यक्तित्वसँग)



कलासाहित्य-यात्रा, जाजरकोट, २०७३ (सिर्जना-उत्सवमा पुरस्कृत व्यक्तित्वको पुस्तक विमोचन सन्दर्भ)




कलासाहित्य-यात्रा, जाजरकोट, २०७३ (सिर्जना-उत्सवमा मन्चासीन व्यक्तित्वहरू)



कलासाहित्य-यात्रा, जाजरकोट, २०७३ (सिर्जना-उत्सवमा लेखनाथ-पतिमामा माल्यार्पण गर्दै)



कलासाहित्य-यात्रा, जाजरकोट, २०७३ (सिर्जना-उत्सवमा घुमघाम, त्रिभुवन माद्यमिक विद्यालय अगाडि पूर्व शिक्षकहरू)



कलासाहित्य-यात्रा, जाजरकोट, २०७३ (सिर्जना-उत्सवमा घुमघाम, त्रिभुवन माद्यमिक विद्यालयअगाडि सामूहिक तस्विर)



कलासाहित्य-यात्रा, जाजरकोट, २०७३ (घुमघाम, सुर्खेत)




नेपाल सम्मान, २०७२ समर्पण कार्यक्रम, काठमाडौँ



नेपाल सम्मान, २०७२ गहण गर्दै, काठमाडौँ ।



नेपाल सम्मान, २०७२ समर्पण कार्यक्रममा बोल्दै, काठमाडौँ ।



कलासाहित्य-यात्रा, जुम्ला, २०७६ (एयपोर्टबाट फूलमाला पन्चै बाजाले स्वागतपछि नाचगानसहित नगर परिक्रमा)




कलासाहित्य-यात्रा, जुम्ला, २०७६ (एयपोर्टबाट फूलमाला, पन्चैबाजा र नगरमा विशेष ब्यानसहित स्वागत)



कलासाहित्य-यात्रा, जुम्ला, २०७६ (सिर्जना-उत्सव)



कलासाहित्य-यात्रा, जुम्ला, २०७६ (सिर्जना-उत्सव, सामूहिक तस्विर)



कलासाहित्य-यात्रा, जुम्ला, २०७६ (सिर्जना-उत्सवमा पुरस्कार प्रदान गर्दै)



कलासाहित्य-यात्रा, जुम्ला, २०७६ (सिर्जना-उत्सवमा पुरस्कृत व्यक्तित्वसँग)



कलासाहित्य-यात्रा, जुम्ला, २०७६ (सिर्जना-उत्सवमा उपहार ग्रहण गर्दै)



कलासाहित्य-यात्रा, जुम्ला, २०७६ (घुमघाम)



कलासाहित्य-यात्रा, जुम्ला, २०७६ (होटेल, सामूहिक तस्विर)




कलासाहित्य-यात्रा, जुम्ला, २०७६ (होटेलअघि)



कलासाहित्य-यात्रा, मुगु, २०७६ (घुमघाम)



कलासाहित्य-यात्रा, मुगु, रारा, २०७६ (घुमघाम, लेखक र ग्रेगरी)




कलासाहित्य-यात्रा, मुगु, रारा, २०७६ (घुमघाम, सामूहिक तश्विर)



कलासाहित्य-यात्रा, मुगु, रारा, २०७६ (घुमघाम, सामूहिक तस्विर)






TRIBUTE ASSE
to commemorate &
Late Prof. Gregory G. M
July 2, 2022, Kathm
Yogeshwor Smriti
योगेश्वर स्मृति


TRIBUTE ASSEMB
to commemorate & honou
Late Prof. Gregory G. Maskar
July 2, 2022, Kathmandu
Yogeshwor Smriti Pratishthan
योगेश्वर स्मृति प्रतिष्ठान